आज मिति २०८३ साल जेष्ठ ७ गते सोमबारका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई
२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई
३. वडा नम्बर १ का वडा अध्यक्ष श्री हेमन राई
४. वडा नम्बर २ का वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५. वडा नम्बर ३ का वडा अध्यक्ष श्री गोविन्द तामाङ
६. वडा नम्बर ४ का वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल - अनुपस्थिति -
७. वडा नम्बर ५ का वडा अध्यक्ष श्री जिवन खत्री
८. कार्यपालिका सदस्य श्री मन कुमारी राई
९. कार्यपालिका सदस्य श्री सुजना वि.क.
१०. कार्यपालिका सदस्य श्री भगवती वि.क.
११. कार्यपालिका सदस्य श्री सर्मिला कट्टेल
१२. कार्यपालिका सदस्य श्री दिपक सुनार
१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी
१४. सदस्य-सचिव प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन राई

<u>आमन्त्रित तथा सहयोगी</u>

१. सामाजिक विकास अधिकृत श्री दुर्ग बहादुर राई
२. सूचना अधिकारी श्री डिल्लीमान राई
३. सव-इन्जिनियर श्री अनुप खड्का
४. स्वास्थ्य शाखा संयोजक श्री कमल प्रसाद फुयल
५. लेखापाल श्री मातृका खतिवडा
६. सहयोगी कर्मचारी श्री राजन खड्का
७. सहयोगी कर्मचारी श्री डम्बर कुमारी सुनुवार

प्रस्तावहरु-

१. कार्यविधिहरु सम्बन्धमा।

   क. सौझै खरिद कार्यविधि सम्बन्धमा

   ख. उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।

२. कर्मचारीको तहवृद्धि सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

निर्णयहरु-

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा स्थानीय तहबाट हुने सार्वजनिक खरिद सम्बन्धीका कार्यहरुलाई सहज, छिटो र छरितो तथा प्रभावकारी बनाउनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को नियम ८५ मा भएको सोझै खरिद सम्बन्धिको व्यवस्थालाई आधार मानि सम्पूर्ण खरिद सम्बन्धीको कार्यलाई प्रक्रियागत रुपमा सहजिकरण गर्न तयार भएको "सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि, २०८३" लागू गर्ने र,

नेपालको संविधान, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहमा उपभोक्ता समितिबाट योजना सञ्चालन गर्ने सम्बन्धमा बनेको विद्यमान कानूनको अधिनमा रही स्थानीय तहद्वारा स्वीकृत योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा सहज, प्रभावकारी, पारदर्शी र सहभागितामूलक रुपमा सञ्चालन गर्न तयार गरिएको "स्थानीय तहमा उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्य सञ्चालन विधि, २०८२" सर्वसहमतिद्वारा पास गर्ने निर्णय गरियो । यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएर प्रमाणित भएको मितिदेखि लागू हुनेछ ।

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८२ को दफा २७ को (१) बमोजिम तह वृद्धिका लागि यस साकेला गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा कार्यरत स्थानीय सेवामा कार्यरत योग्यता पुगेका सहायक पाँचौ तह र अधिकृतस्तर सातौं तहका कर्मचारीहरुको लागि तह वृद्धि गर्न निवेदन पेश गर्न सूचना आह्वान गर्ने निर्णय गरियो ।

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा निर्णय गर्नुपर्ने विषय नभएकाले अध्यक्षज्यूबाट धन्यवाद ज्ञापन सहित आजको वैठक यहीं समापन गर्ने निर्णय गरियो ।